# 'पुनः प्रमाणीकरणको मुद्दाले शान्ति प्रक्रियालाई सहयोग पुऱ्याउँदैन'

संयुक्त राष्ट्रसंघका महासचिव बान की-मुनका विशेष प्रतिनिधि इयान मार्टिन करिब चार महिनाअघि फिर्ता भएपछि **करिन लेनग्रेन** यहाँस्थित मिसनको नेतृत्व गरिरहेकी छन् । माओवादी अध्यक्षको भिडियो टेप सार्वजनिक भएपछि अनमिनको भूमिकालाई लिएर विभिन्न खालका टीकाटिप्पणी भइरहेका बेला शान्ति प्रक्रिया तथा माओवादी सेनाका लडाकुहरूको भविष्यको विषयमा **ई-कान्तिपुर**का लागि **गोपाल खनाल** र **खिम घले**ले गरेको कुराकानी-

**तपाईं अनमिन प्रमुख भएको चार महिना भयो, कस्तो अनुभव भइरहेको छ ?**
एकदमै महत्त्वपूर्ण समय छ । यस अवधिमा हामीले हाम्रो क्षमताले भ्याएसम्म धेरैभन्दा धेरै मान्छेसँग भेटेका छौं । सबैजसो राजनीतिक नेतृत्वसँग विशेष सम्बन्ध/सम्पर्क कायम राखेका छौं, त्यसले फाइदा पुऱ्याएको छ । त्यसमा पनि पछिल्लो दुई महिना थप संवेदनशील बन्यो । हामीले सधैंजस्तै शान्ति प्रक्रियालाई सही दिशामा लैजाने काम गरिरहेका छौं । इयान मार्टिनको समयमा केही महत्त्वपूर्ण उपलब्धिपछि अनमनिलाई सानो आकारमा ल्याइएको छ । उहाँको अनुभवले समेत मलाई सहयोग गऱ्यो ।

**शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन सहयोग गर्ने भूमिका अनमिनको छ, कति गाह्रो छ ?**

मैले अन्य मुलुकमा पनि काम गरें । पूर्व युगोस्लोभाकियामा पनि मैले काम गरेको छु । तर यहाँको सकारात्मक पक्ष के भने सबै एक-अर्कामा संवादमा छन् । अन्यभन्दा मननयोग्य सकारात्मक विशेषता हो यो । अप्ठ्याराका बाबजुद सबै दलहरूबीच संवाद छ । पृष्ठभूमिमा समेत संवाद जारी छ । यद्यपि सार्वजनिक रूपमा दलहरूबीचको सम्बन्ध तिक्त र तातिएको अवस्थामा देखिन्छ । तर सकारात्मक भनेको यहाँको मिडिया सशक्त छ । दलहरूद्वारा शान्तिप्रक्रियाको पूर्ण सम्बोधन हुन अझै बाँकी छ । यस्तो बेला प्रजातान्त्रिक प्रक्रियाको स्थायित्वको लागि मिडियाको महत्त्वपूर्ण भूमिका हुन्छ । म नेपाली जनता र दलहरूको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने प्रतिबद्धताप्रति अझै आशावादी छु ।

**तीन वर्षअघि शान्ति प्रक्रिया सुरु भएको हो, हामी कुन चरणमा छौं ?**
स्पष्टरूपमा भन्नुपर्दा वार्ता ज्यादै अप्ठ्यारो थियो । पटकपटक चुनाव सार्दा झन् अप्ठ्यारो भयो । चुनावपछि पनि सरकार गठन गर्न चार महिना लाग्यो । त्यसपछि संविधान निर्माण प्रक्रियाको सुरुमा पनि निक्कै आप्ठ्यारो थियो । फर्केर हेर्दा सन् २००८ ज्यादै महत्त्वपूर्ण रहयो । केही मुख्य सफलता प्राप्त भयो । प्रत्येक तहका अप्ठयारा थिए । त्यसयता दलहरू निरन्तर संवादमा हुनु उत्साहप्रद छ ।

**शान्ति प्रक्रियाका प्रमुख चुनौती के हुन् ?**
शान्ति प्रक्रियालाई अगाडि बढाउन केही प्रक्रिया तय गर्न जरुरी छ । बृहत् शान्ति सम्झौताका केही पक्ष अझै कार्यान्वयन भएका छैनन् । शान्ति सम्झौता कार्यान्वयनको अनुगमन संयन्त्र बन्नुपर्थ्यो, त्यो बनेको छैन । २००६ मा उच्चस्तरीय राजनीतिक संयन्त्रको सुझाव दिइएको थियो । त्यो २००८ को अन्त्यमा मात्र निर्माण भयो । अझै पनि दुई महत्त्वपूर्ण कार्य बाँकी छन् । नयाँ संविधानको निर्माण र माओवादी सेनाका लडाकुको भविष्य निर्धारण गर्न बाँकी छ । दुई सेनाको उपस्थिति अझै

छ । संवादको माध्यमबाट माओवादी सहभागी नभई यो प्रक्रिया अघि बढ्न सक्दैन । यसका लागि उच्चस्तरीय राजनीतिक संयन्त्रको निर्माण गरेर अघि बढ्नु बलियो उपाय हो ।

न्यूनतम साझा कार्यक्रममा शान्ति तथा पुनर्निर्माण आयोगको कुरा उल्लेख छ । त्यसमा फेरि शान्ति प्रक्रियाको अनुगमनका लागि संयन्त्रको कुरा गरिएको छ । शान्ति प्रक्रियामा त्यो संयन्त्र आवश्यक छ । अहिले राजनीतिक आरोप-प्रत्यारोपले शान्ति प्रक्रियालाई अप्ठ्यारोमा पारेको छ । शान्ति सम्झौता कार्यान्वयनका अप्ठ्याराको सम्बोधनका लागि अनुगमन संयन्त्र महत्त्वपूर्ण छ ।

माओवादी सेनाको समायोजन र पुनःस्थापनाबारे उच्चस्तरीय वार्ता गर्ने बेला भएको छ। शान्ति सम्झौतामा बृहत् रूपमा मात्र त्यसबारे उल्लेख छ । विशेष समितिको गठनपछि प्राविधिक समिति गत मार्चमा गठन भएको छ । त्यो महत्त्वपूर्ण छ । त्यसमा निरन्तर छलफल भइरहेको छ । तर उनीहरूलाई स्पष्ट राजनीतिक कार्यादेश छैन । त्यो आवश्यक छ । माओवादीका पूर्वलडाकुको सम्बन्धमा राजनीतिक निर्णय महत्त्वपूर्ण हुन्छ । यो ज्यादै गाह्रो विषय हो । तथापि उच्च राजनीतिक स्तरमा यो निर्णय लिनुपर्छ । सुरक्षा फौजमा कति जाने, कहिले जाने, स्थापित मान्यता के हो, समूहमा प्रवेश पाउने वा

व्यक्तिगत रूपमा, कतिलाई सामाजिक रूपमा पुनःस्थापित गर्ने भन्ने विषयहरू सम्बोधन हुनु जरुरी छ । यी विषय प्राविधिकमात्र होइन, राजनीतिक निर्णयका विषय पनि हुन् ।

**माओवादी अध्यक्ष प्रचण्डको भिडियोले अनमिनलाई पनि विवादमा ल्यायो । यसमा तपाईंको प्रतिक्रिया** ?

त्यो भिडियो सार्वजनिक भएका बेला म न्युयोर्कमा सुरक्षा परिषद्लाई प्रतिवेदन बुझाउन गएकी थिएँ । त्यसपछि म जतिसक्दो चाँडो काठमाडौं फर्किएँ । मैले प्रचण्डलाई एकैदिन दुईपटक भेटेर यस विषयमा कुराकानी गरें । साँच्चै भिडियोमा लडाकुबारे दिइएको बयानले निकै तनाव ल्यायो । यसले अनमिनको भूमिका, प्रक्रियाको बारेमा पनि प्रतिक्रिया जन्मायो । प्रचण्डले मलाई अर्कै सन्दर्भमा भनेको स्पष्टीकरण दिए । उनले कुनै विशेष सन्दर्भमा त्यो राखेको बताए । म यहाँ उनको प्रस्टीकरणलाई व्याख्या गर्न सक्दिन । तर प्रमाणीकरण प्रक्रियाबारे स्पष्ट बोल्नु अनमिनको जिम्मेवारी हो ।

अनमिनलाई दलहरूले गरेको सम्झौता कार्यान्वयनमा सहयोग गर्ने दायित्व छ । दलहरूबीच प्रमाणीकरण जम्मा दुई मापदण्डका आधारमा गर्ने सहमति भएको थियो । त्यसमा माओवादी सेनामा युद्धविराम हुनुभन्दा अघि सदस्य भएको र त्यसअघि १८ वर्ष पुगेकालाई माओवादी सेनाका लडाकु मान्ने भनिएको थियो । यी नै त्यसबेला सोधिएका प्रश्न थिए । व्यक्तिगत अन्तरवार्तामा उनीहरूले आफू माओवादी सेनाको लडाकु भएको स्पष्ट पार्नुपर्थ्यो ।

प्रश्न र अन्य प्रक्रियाबारे सेना र हतियारसम्बन्धी अनुगमन समितिमा छलफल र सहमति भएको थियो । अनमिनले निरन्तर रूपमा कार्यप्रगतिको बारेमा समितिलाई जानकारी गराउँदै आएको पनि थियो । हामीले सरकारी टोलीलाई प्रमाणीकरण भइरहेको स्थानमा समेत लगेर अवलोकन गराएका थियौं । धेरै उच्च नेताले प्रक्रिया अवलोकन गरेका थिए ।

**तपाईंले सुरक्षा परिषद्मा प्रधानसेनापति हटाउनको लागि कांग्रेसको पनि सहमति थियो भनेर भन्नुभयो । कांग्रेसले सार्वजनिक रूपमै विरोध गरिरहेका बेला किन त्यस्तो प्रतिवेदन दिनुभयो ?**

मैले प्रतिवेदनमा 'यस्तो भनिएको छ' भनेर मात्र लेखेकी छु । त्यो बेला सन्दर्भ अलि फरक थियो । प्रचण्डले आफूले सहमतिको आधारमा काम गरेको भनिरहेका थिए । उनले त्यस मुद्दामा -कांग्रेसको)

सहमति लिएका थिए वा थिएनन्, त्यो अर्को कुरा हो । तर सहमतिको आधारमा काम गरेको मलाई बताएका थिए । त्यसैले मैले 'भनिएको छ' भनेर उद्धृत गरेकी छु । मलाई दुःख लागेको छ, यसलाई फरक ढंगले व्याख्या गरियो । मैले सुशील कोइराला, रामशरण महतलगायतका कांग्रेस नेताहरूसँग पनि भेटें । म उहाँहरूसँग जुनसुकै विषयमा पनि छलफल गर्न तयार छु ।

**कांग्रेसले पुनःप्रमाणीकरणको कुरा उठाएको छ, त्यसमा तपाईंको भनाइ के छ ?**
यसमा विशेष समितिलाई हेर्नुपर्ने हुन्छ । त्यसको निर्णय महत्त्वपूर्ण हुनसक्छ । हामीले पुनःप्रमाणीकरणको प्रक्रिया के हुने भन्ने बुझ्नु जरुरी छ । हामी पुनःप्रमाणीकरणमा जाने हो भने यसअघि नै भइसकेका निर्णयहरू के गर्ने, यस्ता मुद्दा जटिल छन् । फेरि आठ हजारमात्र लडाकु हुन् भन्ने दृष्टिकोण बनाएर प्रमाणीकरणमा जानुको अर्थ पनि हुँदैन । यो निकै गाह्रो अभ्यास हो । व्यावहारिक रूपमा भन्नुपर्दा प्रमाणीकरण प्रक्रिया लामो र खर्चिलो छ । म दलहरूसँग भन्न चाहन्छु, यो स्रोत, साधन र समयलाई खेर फाल्नु हो । यस अवधिमा बरु हामीले उनीहरूको भविष्यका बारेमा धेरै काम गर्न सक्छौं । पुनःप्रमाणीकरणको मुद्दाले शान्ति प्रक्रियालाई सहयोग पुर्‍याउने छैन । पार्टीहरूले यसतर्फ विचार पुर्‍याउनुपर्छ ।

**अयोग्य ठहरिएका लडाकु अझै शिविरमा छन्, अनमिनलाई त्यसबारे कुनै सरोकार छ ?**
उनीहरूलाई त्यहाँबाट तत्काल बाहिर लगिनुपर्छ भन्ने हाम्रो धारणा हो । के सरकारको तिनीहरूप्रति कुनै जिम्मेवारी छैन ? त्यो सरकारको जिम्मेवारी हो । राष्ट्रसंघ र अन्तर्राष्ट्रिय समुदायको नाताले हाम्रो जिम्मवारी भनेको सेना र हतियारको अनुगमन हो। हामीले निरन्तर रूपमा अयोग्यहरूको बहिर्गमनको छलफल गरिरहेका छौं, विशेष गरेर जो उमेर नपुगेका छन् । चार हजारभन्दा भन्दा बढी प्राविधिक रूपमा बाल सैनिक हुन् । हामी उनीहरूको सामाजिक पुनःस्थापना चाहन्छौं । प्रधानमन्त्री प्रचण्डले -त्यसो गर्ने भनेर) यसअघि भनेका थिए तर त्यो पूरा हुन सकेन । हाम्रो जिम्मेवारी भनेको उनीहरूलाई बाहिर ल्याउनका लागि प्रयास गर्नु हो । उनीहरूलाई एक दिन पनि बढी त्यहाँ राख्नु हुँदैन ।

**माओवादी सेनाका लडाकु व्यवस्थापनको उचित उपाय के हुनसक्ला ?**
हामी कुन उपाय उपयुक्त हुन्छ भन्ने अवस्थामा छैनौं । शान्ति प्रक्रिया अप्ठ्यारो चरणमा आइपुगेको अवस्थामा सबैका लागि शान्ति सम्झौताको पालना महत्त्वपूर्ण हुन्छ । यहाँ कहिलेकाहीं सम्झौताका केही यस्ता विषय सान्दर्भिक छैनन्, कार्यान्वयन गर्नु आवश्यक छैन भन्ने जस्ता कुरा पनि आइरहने गर्छन् । तर सम्झौताले प्रक्रिया निर्धारण गर्छ । त्यही सम्झौताले माओवादीका पूर्वलडाकुको समायोजन र पुनःस्थापनाको बारेमा बोल्छ । दुई दिनअघि मात्र मैले रक्षामन्त्रीसँग भेटें । उहाँमा शान्ति सम्झौताप्रति पूर्ण प्रतिबद्धता पाएँ । नेपाली सेनामा केही संख्यामा समायोजन हुनसक्ने सम्भावनालाई स्वीकार गरेको पाएँ । त्यसैले पुनः म समाधानको प्रस्तावमा आउन चाहन्छु- यो काम वरिष्ठ राजनीतिकर्मीहरूको हो । सेनामा लैजाने वा नलैजाने, प्रहरी, सशस्त्र बल, सीमा सुरक्षा बल आदिबारे पनि कुरा आइरहेका छन्, त्यसैगरी कसरी उनीहरूको पुनःस्थापना गर्ने भन्ने सम्बन्धमा पनि ।

**रक्षामन्त्रीले त सार्वजनिक रूपमा समायोजन हुन सक्दैन भन्नुभएको छ नि ?**
पहिलो, यो निर्णय गर्ने जिम्मेवारी विशेष समितिको हो । मैले रक्षामन्त्री शान्ति सम्झौताप्रति पूर्ण परतिबद्ध भएको पाए र हामीले माओवादी लडाकुलाई नेपाली सेनामा समायोजनको मुद्दामा छलफल गर्‍यौं ।

**समायोजन वा पुनःस्थापना प्रक्रियामा अनमिनको भूमिका के हुनसक्छ ?**
हामी सहयोगका लागि तयार छौं । प्राविधिक समितिसँग नजिकबाट काम गरिरहेका छौं । हामीले अरू देशका सन्दर्भ पनि अध्ययन गरिरहेका छौं । राष्ट्रसंघले धेरै स्थानमा समायोजन र समाजमा पुनःस्थापनाका लागि काम गरेको छ । अनमिनले त्यसमा प्राविधिक सल्लाह दिनसक्छ । निष्पक्ष रूपले कसरी समायोजन र पुनःस्थापना गर्न सकिन्छ भनेर सल्लाह दिनसक्छौं । यो वा त्यो देशको अनुभव कार्यान्वयन गर्नका लागि सल्लाह दिँदैनौं । त्यो सम्भव पनि हुँदैन । हरेकका फरक उदाहरण छन् । तर हामीसँग धेरै लामो अनुभव छ यस विषयमा । त्यसैगरी पूर्वप्रधानमन्त्री प्रचण्डले अनमिन र -राष्ट्रसंघीय) महासचिवसमेत अन्तर्राष्ट्रिय समुदायलाई यस प्रक्रियामा समन्वय गरिदिन आग्रह गरेका थिए । हामीले त्यो निरन्तर रूपमा गरिरहेका छौं । तेस्रो, सामाजिक पुनःस्थापनाका लागि पनि हामीले सहयोग गर्नुपर्ने हुन्छ ।

**माओवादी विपक्षमा छन् । विपक्षमा माओवादी हुँदा शान्ति प्रक्रिया अलमलमा पर्छजस्तो लाग्दैन ?**
सुरक्षा परिषद्मा मेरो टिप्पणी यही थियो कि एकीकृत माओवादी विपक्षमा हुँदा माओवादी लडाकुको अवस्था र समग्रमा शान्ति प्रक्रिया सन्तोषजनक रूपमा समाधान हुनसक्छ ? लडाकु र नयाँ संविधानका लागि यो उचित हुनसक्छ ? अर्कोतर्फ मैले माओवादीसँग धेरैपटक प्रश्न उठाएको छु कि उनीहरूले व्यवस्थापिका संसद्लाई अवरुद्ध गर्ने कार्य छोड्नु आवश्यक छ । यदि लोकतन्त्रप्रति जिम्मेदार हुनुहुन्छ भने तपाईंहरूले संसद् चल्न दिनुपर्छ भनेर मैले भनेको छु ।

यो विशेष समयमा दलहरूबीच बिश्वास खस्केको छ । जनतामा पनि दल र संस्थाप्रतिको विश्वासमा कमी आएजस्तो देखिन्छ । प्रतिबद्धताभन्दा कार्यान्वयन बढी महत्वपूर्ण हुन्छ । दुई साताअघि कैलालीस्थित माओवादी सेनाका शिविरमा गएको थिएँ । मैले त्यहाँका उपकमान्डरसँग कुराकानी गरें । उनले आफूहरूले उत्तेजित भएर काम नगर्ने र उत्तेजित पार्ने काम पनि नगर्ने बताए । सबैले उत्तेजित नहुने र उत्तेजित नगर्ने सन्देश दिएका छन् । यो सकारात्मक छ ।

**सरकारको न्यूनतम साझा कार्यक्रममा लडाकुको पैसा सीधै बैंकमा जम्मा गर्ने उल्लेख छ । अर्कातिर माओवादी राजधानी र सदरमुकाम केन्दि्रत आन्दोलनमा छ । यस्तो घटनाक्रमले शान्ति प्रक्रियालाई टकरावतिर लैजाँदैन ?**
यहाँ ठूलो मुठभेडको सम्भावनासमेत छ । शान्ति प्रक्रियामाथि जोखिम रहेको सत्य हो । यो सरकारको पहिलो प्राथमिकता अघिल्लो सरकारका निर्णय उल्टाउनु हो भन्ने प्रभाव आफूले पाएको केही माओवादी नेताले मलाई बताएका छन्, यसले राम्रो वातावरण सृजना गर्दैन । मैले भन्नैपर्ने हुन्छ, यहाँ शान्तिपूर्ण बन्द भने पनि त्यस्तोमात्र हुँदैन । यो 'प्रोभोकेटिभ एक्सन' को समय होइन । यो गम्भीरतापूर्वक टेबुलमा बसेर समाधान खोज्ने बेला हो ।

**अहिले माओवादी एकातिर, अन्य शक्ति अर्कातिर छन् । यसले कहाँ पुर्‍याउँछ शान्ति प्रक्रिया ?**
हामीले प्रत्येक राजनीतिक दल र विचारका नागरिकसँग वार्ता गर्नुपर्छ । सबै पार्टीमा शान्ति प्रक्रियाप्रति सकारात्मक दृष्टिकोण राख्ने व्यक्तिहरू छन् । मलाई लाग्छ, जनतामा प्रशस्त सचेतना छ र उनीहरू शान्ति प्रक्रियाप्रति प्रशस्त मोडरेट छन् । ती जनता एकजुट हुनसक्छन् । तर तपाईंले भनेजस्तो खतरा पनि छ । मैले धेरै मान्छेसँग कुरा गरेको छु । उनीहरूलाई चिन्तित पाएको छु । उनीहरू फेरि मतभेद साँघुरो पारी सहमतिमा राजनीति फर्कने बाटोको आशा र विकल्पमा छन् । म उत्साहित छु, यहाँ पृष्ठभूमिमा संवादसमेत भइरहेका छन्, यो शान्ति प्रक्रियालाई अगाडि बढाउन । त्यसले कस्तो ढाँचा लिन्छ, त्यसमा भरपर्छ ।

**निराशाको तस्बिर सामुन्ने छ । यस्तो बेला सरकार र दलहरूलाई के सुझाव दिन चाहनुहुन्छ ?**
शान्ति प्रक्रिया सफल पार्न दुइटा कुरामा ध्यान दिनुपर्छ । पहिलो, दुई सेना विद्यमान रहेको अवस्थाको समाधान । अहिले सरकार गठन र आन्तरिक राजनीतिले शान्ति प्रक्रिया निलम्बित र 'प्यारालाइज' छ । संविधान निर्माण र माओवादी लडाकुको मुद्दामा छलफल तत्काल अघि बढ्नु जरुरी छ । उच्चस्तरीय राजनीतिक संयन्त्र, शान्ति प्रक्रिया अनुगमन संयन्त्रले रचनात्मक भूमिका खेल्न सक्छन् । 'जेएमसीसी' को कार्यबाट म प्रभावित छु । यसले नेपाली सेना र माओवादी सेनालाई एकै ठाउँमा ल्याएर शान्ति सम्झौता र सेनाका बारेमा उनीहरूका बुझाइबारे छलफल गरेको छ । बृहत् शान्ति सम्झौतासँग सम्बन्धित अन्य मुद्दा छन्, जुन कार्यान्वयन भएका छैनन् । जस्तै, दण्डविहीनताको अन्त्य र बेपत्ताको खोजी । यी दुई मुद्दामा विशेष ध्यान दिन दलहरूलाई आग्रह गर्छु ।

**तपाईंले प्रधानमन्त्री नेपालसँग भेट्नुभयो । नयाँ नेपाल बन्नेमा कति आशावादी हुनुहुन्छ ?**
शान्ति प्रक्रिया, शान्ति सम्झौता र सहमतिको राजनीतिप्रति प्रधानमन्त्रीले प्रतिबद्धता व्यक्त गरेका छन् । शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुर्‍याउन जस्तो भूमिका आवश्यक पर्छ त्यस्तो खेल्न तयार रहेको समेत उनले बताएका छन् ।

**अनमिनको कार्यकाल सकिँदै छ । यो थप्ने/नथप्नेबारे तपाईंको धारणा के हो ?**
मलाई यसमा धारणा राख्न अनुमति छैन किनभने यसबारे नेपालका राजनीतिक दल र सरकारले निर्णय गर्ने हो । यो अनमिनको हातमा छैन । महासचिव, सुरक्षा परिषद् र नेपाल सरकारमा भरपर्छ । २३ जुलाई पहिले लडाकुको समायोजन, पुनःस्थापनाको मुद्दा समाधान हुने देखिँदैन । हामी पर्खने छौं, कार्यकाल विस्तारको आग्रह हुन्छ वा हुँदैन ।

*http://www.kantipuronline.com/nepali/koltalk.php?&nid=198024*